काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १६८ | मंगलवार, १७ चैत, २०८२ | Tuesday, 31 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

इनिशा विक हत्या प्रकरण

प्रहरी र वकिलबीच फरक निष्कर्षले दुवै पक्ष सडकमा



काँक्रेविहार संवाददाता
सुर्खेत, १६ चैत

सुर्खेतकी १६ वर्षीया इनिशा विकको मृत्यु प्रकरण अदालत प्रवेशसँगै नयाँ मोडमा पुगेको छ। यसअघि प्रहरी अनुसन्धानले 'एकल जबर जस्ती करणी'को निष्कर्ष निकाले पनि सरकारी वकिल कार्यालयले भने 'पूर्वयोजनासहित सामूहिक बलात्कारपछि हत्या' भएको दाबी गर्दै जिल्ला अदालत सुर्खेतमा अभियोग पत्र दायर गरेको छ।

चैत ११ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतले आफ्नो अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको थियो। उक्त प्रतिवेदनमा इनिशामाथि एकजना नाबालकले जबरजस्ती करणी गर्दा गम्भीर चोट र अत्यधिक रक्तश्रावका कारण मृत्यु भएको निष्कर्ष निकालिएको थियो। प्रहरीले सोही नाबालकविरुद्ध जबरजस्ती करणी र कर्तव्य ज्यान मुद्दामा जन्मकैदको माग गर्दै प्रतिवेदन पेश गरेको थियो। तर, आइतबार सरकारी वकिल कार्यालयले चारै जना नाबालकलाई जोड्दै 'सामूहिक जबरजस्ती करणी गरी ज्यान मारेको' कसूरमा अभियोग पत्र दायर गरेपछि घटनाले नयाँ मोड लिएको हो।

गुर्भाकोट नगरपालिका-६ स्थायी घर भएकी इनिशा वीरेन्द्रनगर-१ मा परिवारसँग बस्दै आएकी थिइन्। फागुन २३ गते बिहान ट्युसन पढ्न जाने भन्दै घरबाट निस्किएकी उनी बिहान ९ बजेतिर वीरेन्द्रनगर-४ स्थित जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेकी थिइन्। अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए। घटनास्थलबाट प्रहरीले एक नाबालकलाई तत्काल नियन्त्रणमा लिएको थियो भने पछि परिवारको जाहेरीका आधारमा अन्य तीन जनालाई पनि पक्राउ गरिएको थियो। पोस्टमार्टम रिपोर्टमा गम्भीर शारीरिक चोट र अत्यधिक रक्तश्रावका कारण मृत्यु भएको उल्लेख गरिएको छ। घटनास्थलबाट विभिन्न भौतिक प्रमाणहरू पनि संकलन गरिएको थियो।

उता सरकारी वकिल कार्यालयले अनुसन्धानका क्रममा संकलित भौतिक, डिजिटल र परिस्थितिजन्य प्रमाणका आधारमा घटना सामूहिक भएको निष्कर्ष निकालेको जनाएको छ। अभियोग पत्रमा अभियुक्तहरूले आपसी योजना बनाएर पीडितलाई वन क्षेत्रमा पुऱ्याएको र त्यसपछि सामूहिक रूपमा अपराध गरेको दाबी गरिएको छ।

सीसीटीभी फुटेज, मोबाइल फोनको कल डिटेल, लोकेसन डेटा तथा अन्य प्रमाणहरूलाई आधार मानेर घटनामा एकभन्दा बढी व्यक्तिको संलग्नता रहेको दाबी गरिएको छ। घटनाको समय आसपास अभियुक्तहरूबीच निरन्तर सम्पर्क भएको विवरण पनि अभियोग पत्रमा उल्लेख गरिएको छ।

प्रहरी अनुसन्धानले घटना एकल भएको निष्कर्ष निकाले पनि सरकारी वकिलले सामूहिक भएको दाबी गर्नुले घटनालाई थप जटिल बनाएको छ। यही विषय अहिले बहसको मुख्य केन्द्र बनेको छ।

दुवै पक्षबाट आन्दोलन

घटनाले अहिले सामाजिक र कानुनी दुवै क्षेत्रमा तरंग ल्याएको छ। एकातर्फ इनिशाका परिवार, आफन्त तथा अधिकारकर्मीहरूले 'सामूहिक बलात्कारपछि हत्या' भएको दाबी गर्दै निष्पक्ष अनुसन्धान र कडा कारबाहीको माग गर्दै आएका छन्। अर्कोतर्फ, पक्राउ परेका तीन नाबालकका आफन्तहरूले भने निर्दोषलाई फसाउन खोजिएको भन्दै सोमबार वीरेन्द्रनगरमा आन्दोलन गरेका छन्। उनीहरूले "निर्दोषलाई होइन, दोषीलाई सजाय देऊ" जस्ता नारासहित सरकारी वकिल कार्यालय अगाडि धर्ना दिएका हुन्। आन्दोलनरत पक्षका अनुसार अनुसन्धानका क्रममा प्रहरी र अन्य निकायले सामूहिक घटना नभएको निष्कर्ष निकालेको अवस्थामा अभियोग पत्रमा फरक दाबी गरिनु अन्याय भएको उनीहरूको भनाइ छ।

कर्णाली प्रदेशसभा दोस्रो कार्यकालको सातौँ अधिवेशन :

पर्याप्त बिजनेसबिनै सकियो हिउँदे अधिवेशन

माघ १८ गतेदेखि सुरु भएको हिउँदे अधिवेशन अवधिभर जम्मा १० वटा बैठक मात्रै बसेका थिए। सीमित बैठक र न्यून विधेयक पारितसँगै अधिवेशन प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ।

काँक्रेविहार संवाददाता
सुर्खेत, १६ चैत

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको सातौँ अधिवेशन तथा हिउँदे अधिवेशन आइतबार राति १२ बजेदेखि लागू हुनेगरी अन्त्य गरिएको छ। प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखको कार्यालयले अधिवेशन अन्त्य गरेको जानकारी प्रदेशसभाको बैठकमा प्रस्तुत गरिएको थियो।

प्रदेशसभाकी सभामुख नन्दा गुरुङ्गले बैठकमा उक्त पत्र पढेर सुनाएकी थिइन्। सामान्यतया हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा लिइने गरिए पनि यसपटक अपेक्षाअनुसार कानुन निर्माण हुन सकेन। अधिवेशन अवधिभर कर्णाली प्रदेशसभाले जम्मा दुई वटा विधेयक मात्रै पारित गरेको छ।

प्रदेशसभाका सूचना अधिकारी राजेन्द्र पौडेलका अनुसार कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठानसम्बन्धी विधेयक र प्रदेश ऐन संशोधनसम्बन्धी विधेयक पारित भएका हुन्। यस्तै, अधिवेशनका क्रममा टेबुल गरिएको कर्णाली प्रदेश खेलकुद विधेयक भने थप छलफलका लागि समितिमा पठाइएको छ। दफावार छलफलपछि उक्त विधेयकलाई सामाजिक विकास समितिमा पठाइएको हो।

गत माघ १८ गतेदेखि सुरु भएको हिउँदे अधिवेशन अवधिभर जम्मा १० वटा बैठक मात्रै बसेका थिए। सीमित बैठक र न्यून विधेयक पारितसँगै अधिवेशन प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ। यस पटक प्रदेशसभाको हिउँदे अधिवेशनका लागि पर्याप्त बिजनेश नै थिएन। सामान्यतया हिउँदे अधिवेशन विधेयक अधिवेशनका रुपमा चिन्ने गरिन्छ। जुन अधिवेशको मूल मर्म नै प्रदेशलाई आवश्यक कानुन निर्माण गर्नु हो।

तर यस पटकको हिउँदे अधिवेशनका लागि पर्याप्त विधेयक तथा कार्यसूची (बिजनेश) नहुदाँ प्रदेश सरकार अलमलमा परेको थियो। सरकार र प्रदेशसभा सचिवालयका अनुसार छलफलका लागि प्रस्तुत हुने विधेयक, नीति तथा महत्वपूर्ण प्रस्ताव कम हुँदा सदन अपेक्षित रूपमा चल्न नै सकेन। जसले गर्दा बिजनेश अभावका कारण प्रदेशसभामा सीमित समयमै बैठक स्थगित भयो।



दलीय आक्रोसमै रूमल्लिए

गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनका प्रदेशसभाको भौतिक संरचना क्षति पुगेपछि बैकल्पिक रुपमा कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र र प्रदेशसभाकै सभाहलमा अधिवेशन सुरु भएको थियो। तर बैठकका लागि भने पर्याप्त बिजनेश थिएन।

जेनजी आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीबाट प्रदेश संसद भवनभित्रका फर्निचर, कम्प्युटर, सवारीसाधन र अन्य भौतिक संरचना गरेर कुल तीन करोड ९४ लाख रुपैयाँ बराबरको नोक्सानी भएको थियो। अधिवेशनको पहिलो बैठकमा सबै दलका संसदीय नेताले आआफ्नो धारणा राख्दै बिजनेश छोडेर दलिय आक्रोसमै रुमल्लिन सुरु गरेका थिए।

उनीहरुको धारणा अधिवेशनका लागि बिजनेश बढाउनुपर्नेमा भन्दा दलीय आरोपप्रत्यारोप र आक्रोसमा केन्द्रित भएर सकियो। अधिवेशन अपेक्षित उपलब्धिविना नै अन्त्य भएको हो। अधिवेशनका क्रममा आवश्यक विधेयक, नीतिगत छलफल र जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूलाई प्राथमिकता दिनुपर्ने भए पनि अधिकांश समय दलीय आक्रोश र आरोप-प्रत्यारोपमै बितेको देखिएको छ।

सांसदहरूबीचको राजनीतिक तिक्तता बढ्दै जाँदा बैठकहरू प्रभावकारी हुन सकेनन्। सत्ता पक्ष र प्रतिपक्षबीचको असमझदारीले कार्यसूची प्रभावित बन्यो, भने कतिपय बैठक अवरुद्धसमेत भए। प्रदेश सरकारका कामकारबाहीप्रति असन्तुष्टि जनाउँदै प्रतिपक्ष दलले निरन्तर खबरदारी राख्यो। भने सत्ता पक्षले त्यसलाई राजनीतिक उद्देश्यप्रेरित भन्दै खण्डन गर्दै आयो।

यसबीचै, विकास निर्माण, बजेट कार्यान्वयन, तथा सेवा प्रवाहसँग सम्बन्धित विषयहरू ओझेलमा पर्दा जनस्तरमा असन्तोष बढेको छ। राजनीतिक दलहरूबीच सहमति अभावले अधिवेशन उपलब्धिमूलक बन्न नसकेको विश्लेषकहरूको भनाइ छ। उनीहरूले जनअपेक्षा अनुसार संसद सञ्चालन हुन नसक्नु चिन्ताजनक भएको बताएका छन्।

अधिवेशनको अन्त्यसँगै अब आगामी सत्रमा दलहरूबीच सहकार्य र जिम्मेवारीबोधका साथ अघि बढ्नुपर्ने दबाब थपिएको छ। जनताको अपेक्षा पूरा गर्न प्रदेशसभा अझ प्रभावकारी बन्नुपर्ने आवश्यकता देखिएको छ।

जसले गर्दा प्रदेश सरकारको नीति निर्माण, कानुन संशोधन तथा विकास योजना सम्बन्धी निर्णय प्रक्रिया प्रभावित बन्यो। विशेष गरी कर्णाली जस्तो विकासका हिसाबले पछाडि परेको प्रदेशमा बजेट कार्यान्वयन, सेवा प्रवाह सुधार, सुशासन र जनजीविकासँग जोडिएका विषयमा समयमै छलफल नहुनु गम्भीर चुनौतीका रूपमा हेरिएको छ।

अधिवेशन निष्क्रियजस्तै बन्दा जनतामा प्रदेशसभाप्रतिको विश्वास घट्ने र लोकतान्त्रिक अभ्यास कमजोर हुने खतरा बढ्ने विज्ञहरु बताउँछन्। पर्याप्त बिजनेश बिना अधिवेशन सञ्चालन हुनु राज्यकोषको दुरुपयोगतर्फ पनि संकेत गर्छ। प्रतिपक्षी दलका सांसदहरुले समेत सरकारलाई शीघ्र विधेयक तथा महत्वपूर्ण प्रस्ताव सदनमा ल्याउन दबाब दिएका थिए।

सरकार पक्षले भने तयारी अवस्थामा रहेका केही विधेयक छिट्टै पेश गर्ने र अधिवेशनलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाउँदा जनाउँदै अधिवेशन अन्त्य भयो।

काम नगर्ने ठेकेदारलाई कारबाही गर्न प्रधानमन्त्रीसँग कर्णालीका सांसदको माग

काँक्रेविहार संवाददाता
सुर्खेत, १६ चैत

कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने सांसदहरूले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)सँग कर्णाली प्रदेशमा काम नगर्ने ठेकेदारहरूलाई कारबाही गर्न माग गरेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार भएको छलफलमा कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने सांसदहरूले प्रधानमन्त्री शाहसमक्ष यस्तो माग राखेका हुन्। कर्णाली प्रदेशको विकास निर्माणको जिम्मा लिने तर समयमा पूरा नगरी कामलाई अलपत्र छाड्ने ठेकेदार कम्पनीलाई कारबाही गर्न उनीहरूको सामूहिक माग छ।

कर्णालीको विकास, बजेट वितरण र वर्षायाम पूर्वतयारीका विषयमा केन्द्रित छलफल गरेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता एवं प्रतिनिधिसभा सदस्य महेन्द्रबहादुर शाहीले जानकारी दिए। छलफलका क्रममा राप्रपाका सांसद ज्ञानबहादुर शाहीले कर्णालीका लागि बजेट माग्दा संसद्मा असन्तुष्टि उत्पन्न हुने अवस्था अन्त्य हुनुपर्ने बताए। उनले मनपरी तथा असन्तुलित आधारमा बजेट बाँडफाँट गर्ने प्रवृत्ति रोक्न प्रधानमन्त्री शाहलाई अनुरोध गरे।

त्यस्तै, नेकपाका सांसद शाहीले कर्णालीको समग्र विकास निर्माणलाई तीव्रता दिनुपर्नेमा प्रधानमन्त्री शाहको ध्यानाकर्षण गराए। छलफलमा उनले कर्णालीको पहिलो सरकारले ल्याएको दीर्घकालीन गुरु योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा संघीय सरकारले सहयोग गर्न आग्रह गरेका थिए।

यसैबीच, बर्खा नजिकिँदै जाँदा कर्णालीको विकट भौगोलिक अवस्थालाई ध्यानमा राख्दै पूर्वतयारी गर्नुपर्नेमा सांसदहरूको जोड थियो। विशेषगरी ग्रामीण क्षेत्रका सडक वर्षायाममा अवरुद्ध हुने गरेको भन्दै त्यसका लागि बाटो खोल्न डोजरको व्यवस्थापन गर्नुपर्ने बताएका थिए।

आगामी बजेटमा कर्णालीलाई विषेश प्रथामिकतामा राख्न सरकारसँग सबैले आग्रह गरे।

संविधान संशोधन बहसपत्र तयार गर्न कार्यदल गठन

काँक्रेविहार संवाददाता
काठमाडौं, १६ चैत

सरकारले संविधान संशोधन बहसपत्र तयार पार्न कार्यदल गठन गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको सरकारका प्रवक्ता तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिए। प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको अध्यक्षतामा संसदमा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधि सम्मिलित कार्यदल गठन गरेको हो। सरकार प्रवक्ता मन्त्री पोखरेलले भने, 'संविधान संशोधन बहसपत्र तयार गर्न माननीय प्रधानमन्त्रीज्यूको राजनीतिक सल्लाहकारको अध्यक्षतामा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरू रहने गरी कार्यदल गठन गर्ने।' यस्तै, मन्त्रिपरिषद बैठकले चैत १९ गते संघीय संसदको दुवै सदनको बैठक आह्वान गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस पनि गरेको छ।

राष्ट्रपतिद्वारा संघीय संसद्का दुवै सदनको अधिवेशन आह्वान

काँक्रेविहार संवाददाता
काठमाडौं, १६ चैत

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्का दुवै सदनको अधिवेशन आह्वान गरेका छन्।

राष्ट्रपति पौडेलले चैत १९ गते दिउँसो २ बजे संघीय संसद् भवन सिंहदारबारमा अधिवेशन आह्वान गरेका हुन्। नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम अधिवेशन आह्वान भएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले जानकारी दिए।



यसअघि सोमबार अपराह्न बसेको मन्त्रिपरिषद्को बैठकले संघीय संसद् अधिवेशन आह्वानका लागि राष्ट्रपति पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को सिफारिसका आधारमा राष्ट्रपति पौडेलले अधिवेशन आह्वान गरेका हुन्।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

अनुदान कार्यान्वयनमा पारदर्शिता अपनाऔं

कर्णाली प्रदेश सरकारले नवप्रवर्तन साझेदारी कोषमार्फत सात स्थानीय तहलाई कुल तीन करोड ४० लाख रूपैयाँ अनुदान उपलब्ध गराउने निर्णय गरेको छ । डिजिटल प्रविधिको विस्तार, सेवा प्रवाहको सरलीकरण र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यसहित ल्याइएको यो कार्यक्रम स्वागतयोग्य छ । तर, यस्ता कार्यक्रमको वास्तविक प्रभावकारिता त्यसको कार्यान्वयनमा निर्भर रहने भएकाले पारदर्शिता, जवाफदेहिता र प्रभावकारी अनुगमन अपरिहार्य सर्त हुन् । प्रदेश सरकारले छनोट गरेका परियोजनाहरू डिजिटल सेवा प्रवाह, शिक्षा प्रविधि, स्वास्थ्य सुदृढीकरण र उद्यम विकास–समय सापेक्ष र आवश्यक देखिन्छन् । विशेषगरी कर्णालीजस्तो दुर्गम क्षेत्रमा डिजिटल पहुँच विस्तारले नागरिकको दैनिक जीवनमा ठोस परिवर्तन ल्याउन सक्छ । जन्मदर्तादेखि कर भुक्तानीसम्मका सेवा अनलाइन वा छरितो प्रक्रियाबाट उपलब्ध हुनु आफैंमा ठूलो उपलब्धि हो । यसले सेवाग्राहीको समय, श्रम र लागत बचत गर्नेछ भने प्रशासनिक ढिलासुस्ती पनि घटाउनेछ । शिक्षा क्षेत्रमा डिजिटल कक्षाकोठा व्यवस्थापनले ग्रामीण विद्यार्थीलाई आधुनिक शिक्षासँग जोड्ने अवसर दिनेछ । त्यस्तै, स्वास्थ्य क्षेत्रमा डिजिटल नवप्रवर्तनले दुर्गम बस्तीका नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा पहुँच सहज बनाउने अपेक्षा गरिएको छ ।

सोही अनुदान कार्यक्रम अनतर्गत उद्यम विकास परियोजनाले युवालाई स्वरोजगारतर्फ आकर्षित गर्दै स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सक्ने अपेक्षा छ । यी सबै पहलहरू सकारात्मक भए पनि कार्यक्रमहरू लक्ष्यअनुसार प्रभावकारी रूपमा कार्यान्वयन हुदैनन् कि भन्ने पनि चिन्ता छ । कर्णालीको सन्दर्भमा अनुदान कार्यक्रमहरू प्रायः कागजमै सीमित हुने, स्रोत दुरूपयोग हुने वा राजनीतिक प्रभावमा वितरण हुने जोखिम रहँदै आएको छ । त्यसैले, यस कार्यक्रमलाई सफल बनाउन प्रदेश सरकारले केही आधारभूत कुरामा विशेष ध्यान दिनुपर्छ । जसमा पहिलो, परियोजना छनोटदेखि कार्यान्वयनसम्म पूर्ण पारदर्शिता सुनिश्चित गर्नुपर्छ । दोस्रोमा, खर्चको विवरण सार्वजनिक गर्दै नागरिक निगरानीलाई प्रोत्साहन गर्नुपर्छ । भने तेस्रो, नियमित अनुगमन र मूल्यांकनमार्फत नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्नुपर्छ । यसमा स्थानीय तहको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । अनुदान प्राप्त गर्ने पालिकाहरूले योजनालाई केवल बजेट खर्च गर्ने माध्यमको रूपमा नभई दीर्घकालीन विकासको आधारका रूपमा लिनुपर्छ । प्रविधि भित्र्याउनु मात्र पर्याप्त हुँदैन; त्यसको प्रभावकारी प्रयोग, जनशक्ति विकास र स्थानीय आवश्यकतासँग मेल खाने कार्यान्वयन पनि उत्तिकै जरूरी हुन्छ ।

सबै कार्यक्रममा नागरिक सहभागिता र सूचना पहुँचलाई विस्तार नगरी पारदर्शिता सम्भव हुँदैन । यदि नागरिकलाई कार्यक्रमबारे जानकारी नै छैन भने उनीहरूबाट जवाफदेहिता माग गर्न सकिँदैन । त्यसैले, सूचना प्रवाहलाई खुला र सहज बनाउँदै नागरिकलाई निगरानी प्रक्रियामा सहभागी गराउनु आवश्यक छ । प्रदेश सरकारले भने यी परियोजनाको प्रभावकारिता सुनिश्चित गर्न नियमित अनुगमन, प्राविधिक सहयोग र स्थानीय तहसँग सहकार्यलाई प्राथमिकतामा राख्ने जनाएको छ । भने यो कार्यक्रमलाई अन्य स्थानीय तहमा समेत विस्तार गर्नुपर्ने माग उठ्न थालेको छ । प्रदेश सरकारका मन्त्रीहरूले पनि कार्यक्रमको प्रारम्भिक चरणको मूल्यांकनपछि क्रमशः अन्य पालिकामा विस्तार गर्ने योजना रहेको बताएका छन् । कर्णाली प्रदेशको यो कार्यक्रम सही दिशातर्फको सकारात्मक पहल हो । यसले डिजिटल रूपान्तरण, सेवा सुधार र आर्थिक गतिविधिमा नयाँ ऊर्जा ल्याउने सम्भावना बोकेको छ । तर, यसको सफलता केवल बजेट विनियोजनमा होइन, पारदर्शी र उत्तरदायी कार्यान्वयनमा निर्भर रहनेछ । यदि सरकारले स्पष्ट मापदण्ड, कडा अनुगमन र खुला सूचना प्रणाली अपनाउन सकेमा मात्र यो कार्यक्रम दीर्घकालीन रूपमा प्रभावकारी र उदाहरणीय बन्न सक्छ । अन्यथा, यो पनि विगतका धेरै योजनाझैं कागजी उपलब्धिमा सीमित हुने खतरा रहन्छ । अब प्रतिबद्धता होइन, परिणाम देखिने गरी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक छ । त्यसैले अब अनुदान कार्यान्वयनमा पारदर्शिता अपनाऔं ।

नेपालमा दुई तिहाइ बहुमत:

ऐतिहासिक अवसर र लोकतन्त्रको चुनौती



✍ सविन धमला

नेपालको पछिल्लो राजनीतिक परिदृश्यले परम्परागत सत्ता समीकरण र शक्ति अभ्यासको सम्पूर्ण व्याकरणलाई भत्काएर एउटा नयाँ र अकल्पनीय अध्यायको प्रारम्भ हुने देखाएको छ। लामो समयदेखि राज्यसत्तामा जरा गाडेर बसेको गठबन्धन संस्कृति, राजनैतिक वैचारिक स्खलन र चरम कुशासनबाट आजित भएका आम नागरिक विशेषगरी युवा पुस्ताको शान्तिपूर्ण तर प्रलयंकारी विद्रोहले राजनीतिको कोर्स पूर्ण रूपमा परिवर्तन गरिदिएको छ।

यसै जनविद्रोहको राप र तापबाट सिर्जित निर्वाचनको अनपेक्षित परिणामले राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका नयाँ शक्तिहरूलाई दुई तिहाई नजिकको जनादेश दिएको छ । निर्वाचन अभियानका क्रममा निर्माण गरिएको एउटा शक्तिशाली र निर्णायक प्रधानमन्त्रीको भाष्यलाई आम मतदाताले अनुमोदन गरेका छन् । तर राजनीतिशास्त्रको निर्मम यथार्थ के हो भने निर्वाचनबाट प्राप्त हुने यति विशाल र निरपेक्ष सत्ताले एकातिर ऐतिहासिक अवसर प्रदान गर्छ भने अर्कोतिर राज्यको शक्ति सन्तुलनलाई भत्काएर लोकतन्त्रलाई नै गम्भीर दुर्घटनामा धकेल्ने भयंकर जोखिम पनि सँगसँगै बोकेर ल्याउँछ ।

राज्य सञ्चालनको सिमित अनुभव भएको नयाँ राजनीतिक दलले एकाएक यति ठूलो आकारको सत्ता प्राप्त गर्दा अबको सबैभन्दा पेचिलो र गम्भीर विमर्श सत्ता प्राप्तिको वरिपरि होइन शक्ति सन्तुलनको वरिपरि केन्द्रित हुनुपर्ने अवस्था आएको छ । जब सार्वभौम संसदमा एउटै दलको अत्याधिक बहुमत हुन्छ र परम्परागत विपक्षी दलहरू अस्तित्व रक्षाको संकटमा पुगेर संसदभित्र मुर्छित अवस्थामा उपस्थित हुन्छन् तब सरकारलाई कसले नियन्त्रण गर्ने भन्ने प्रश्न अहम बन्न पुग्छ । यस्तो अद्वितीय र जटिल परिस्थितिमा संसदमा सरकार र प्रतिपक्षको परम्परागत परिभाषा अपर्याप्त हुन्छ । शक्तिशाली प्रधानमन्त्रीको सम्भावित स्वेच्छाचारितालाई रोक्न र संसदीय व्यवस्थालाई सन्तुलनमा राख्न अब दलभित्रकै आन्तरिक गुट वा वैचारिक समूहहरूले नै प्रतिपक्षको ऐतिहासिक दायित्व निर्वाह गर्नुपर्ने बाध्यात्मक तर लोकतान्त्रिक परिस्थिति निर्माण भएको छ ।

शक्तिको मनोवैज्ञानिक चरित्र र निरंकुशताको जन्म

राजनीतिक चिन्तक लर्ड एक्टनको प्रख्यात भनाइ छ 'शक्तिले भ्रष्ट बनाउँछ र पूर्ण शक्तिले पूर्ण रूपमै भ्रष्ट बनाउँछ' यो भनाइले शक्तिको एउटा विशिष्ट र खतरनाक मनोवैज्ञानिक चरित्रलाई उजागर गर्छ । जब कुनै राजनीतिक दलसँग संसदमा अत्यधिक संख्या हुन्छ र सरकार सञ्चालनमा कुनैपनि वाह्य राजनीतिक अड्चन हुँदैन तब नेतृत्वमा बिस्तारै निरंकुश बन्ने र स्वेच्छाचारी निर्णय गर्ने प्रवृत्ति प्राकृतिक रूपमै हावी हुन थाल्छ । दुई तिहाइ बहुमत प्राप्त गरेको प्रधानमन्त्री वा मन्त्रिपरिषद्लाई लाग्न थाल्छ कि जनताले दिएको यो जनमत भनेको सरकारले जे गरे पनि सदर हुने अधिकारपत्र हो । यस्तो मनोविज्ञानले नेताहरूलाई जमिनको यथार्थबाट उखेलेर दम्भको उचाईमा पुर्याइदिन्छ जहाँ उनीहरूले जनआवाजलाई सुन्न छाड्छन् ।

वरिष्ठ पत्रकार तथा संसदीय मामिलाका जानकार हरिबहादुर थापाको विश्लेषणअनुसार 'संसदको उत्पत्ति नै स्वेच्छाचारी शासकलाई नियन्त्रण गर्न र नागरिकमाथि हुने ज्यादती रोक्न भएको हो' तर जब कार्यपालिका अत्यधिक शक्तिशाली हुन्छ उसले सार्वभौम संसदलाई आफ्नो आज्ञापालक संस्था वा सरकारी नीति तथा कार्यक्रम उत्पादन गर्ने रबर स्ट्याम्पको रूपमा मात्र व्यवहार गर्न थाल्छ । पत्रकार थापाले विगतको संसदीय अभ्यासलाई औंल्याउँदै शक्तिशाली सरकारहरूले आफ्नै सांसदहरूलाई भूमिगत शैलीमा निर्देशन जारी गरेर तर्साउने र संसदलाई छलेर बाहिर-बाहिरै निर्णय गर्ने प्रवृत्तिको कडा आलोचना गरेका छन् । जब शासकलाई आफूले गरेको गल्तीमा सत्ता गुम्ने डर हुँदैन तब जस्तोसुकै इमानदार भनिएको नेतृत्व पनि बिस्तारै तानाशाही अभ्यासमा फस्न पुग्छ । बहुमतको उन्मादमा राज्यका संयन्त्रहरू, प्रहरी, प्रशासन, न्यायपालिका र संवैधानिक अंगहरूलाई आफ्नो अनुकूल चलाउने दुष्प्रयास शुरू हुन्छ । यस्तो अवस्थामा राज्य संयन्त्रको अतिक्रमण रोक्ने एक मात्र वैधानिक किल्ला भनेकै सार्वभौम संसद हो ।

ऐतिहासिक स्मृतिदोष र बहुमतको चरम दुरुपयोग

नेपालको राजनीतिक इतिहासलाई गहिरिएर अध्ययन गर्ने हो भने बहुमत प्राप्त सरकारहरूको पतन विपक्षी दलको बलियो अवरोध वा वाह्य कारणले भन्दा पनि आफ्नै शक्तिको दम्भ र वैचारिक शुन्यतामा आधारित आन्तरिक कलहले भएको पाइन्छ । २०१५ सालमा विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा नेपाली काँग्रेसले प्राप्त गरेको दुई तिहाइ नजिकको जनमतलाई तत्कालीन शक्ति केन्द्रले अपहरण गर्या । किनकि त्यतिबेला संसदभन्दा बाहिरको शक्ति बलियो थियो । तर प्रजातन्त्र पुनःस्थापनापछिका निर्वाचनहरूमा जनताले दिएको स्पष्ट बहुमत दलहरूकै अयोग्यताका कारण खेर गएका छन् । २०४८ साल र २०५६ सालमा प्राप्त स्पष्ट बहुमत दलभित्रको गुटबन्दी नेताहरूको व्यक्तिगत अहंकार र सत्ताको छिनाझपटीका कारण पूर्ण कार्यकाल टिक्न सकेनन् ।

त्यतिबेला सत्ताधारी नेपाली काँग्रेसभित्र देखिएको चौहत्तरे र छत्तीसेको विवाद कुनै वैचारिक वा सैद्धान्तिक बहस थिएन । त्यो नितान्त कसले सत्ता चलाउने र कसले आफ्ना मान्छेलाई राज्यका विभिन्न निकायमा नियुक्ति दिलाउने भन्ने पदीय भागबण्डाको फोहोरी खेल थियो । त्यसैगरी २०७४ सालमा वामपन्थी गठबन्धनले प्राप्त गरेको झन्डै दुई तिहाईको शक्तिशाली सरकार पनि शक्तिको चरम केन्द्रीकरण पार्टीभित्रको अस्वस्थ शक्ति संघर्ष र प्रधानमन्त्रीको स्वेच्छाचारी प्रवृत्तिकै कारण विघटनको बाटोमा गएको थियो । त्यतिबेला संसद छलेर अध्यादेश ल्याउने र संवैधानिक परिषद्लाई पंगु बनाउने काम सरकारबाटै भयो । अहिले राष्ट्रिय स्वतन्त्र पार्टीले दुई तिहाइ बहुमत प्राप्त गर्दै गर्दा विगतका यिनै ऐतिहासिक भूलहरू नदोहोर्याउने अठोट गर्नु अत्यावश्यक छ । बहुमतको अर्थ स्वेच्छाचारिता होइन यो त जनताले लोकतान्त्रिक मूल्यमान्यताभित्र रहेर सुशासन कायम गर्न दिएको गम्भीर नासो हो भन्ने कुरा नयाँ शासकहरूले बुझ्न जरुरी छ ।

गुटबन्दी होइन वैचारिक समूह

नेपालको राजनीतिक शब्दकोशमा गुट वा गुटबन्दी भन्ने शब्दलाई सधैं अत्यन्तै नकारात्मक, भत्काउने र स्वार्थकेन्द्रित रणनीतिको रूपमा मात्र बुझ्ने गरिएको छ । पुराना दलहरूमा देखिएको गुटबन्दीले देशलाई बेफाइदा नै गर्यो किनकि ती गुटहरू राज्य सञ्चालनको नीति सिद्धान्त वा राष्ट्रिय विकासको मोडलमा आधारित थिएनन् । तर राजनीतिशास्त्रको सिद्धान्त र परिपक्व लोकतान्त्रिक अभ्यासमा गुटको वास्तविक अर्थ वैचारिक समूह वा नीतिगत दबाब समूह हो । राजनीतिशास्त्री मौरिस डुभर्गरले राजनीतिक दलहरूको बनोटबारे व्याख्या गर्दा ' पार्टीभित्रका वैचारिक हाँगाहरूलाई लोकतन्त्रको प्राणवायु' मानेका छन् ।

उदाहरणको लागि एउटा जीवन्त लोकतान्त्रिक पार्टीभित्र देशको अर्थतन्त्रलाई पूर्ण रूपमा खुला बजारमा छाड्ने कि राज्यको नियन्त्रण र कल्याणकारी मोडलमा लैजाने भन्ने विषयमा फरक विचार राख्ने समूहहरू हुनुपर्छ । परराष्ट्र नीति शिक्षा स्वास्थ्य र पूर्वाधार विकासका मोडलहरूमाथि फरक फरक दृष्टिकोण राख्ने बौद्धिक समूहहरूको निर्माण हुनु भनेको पार्टीको आन्तरिक लोकतन्त्र सुदृढ हुनु हो । यी वैचारिक समूहहरूले पार्टीभित्र निरन्तर बहस र मन्थनको सिर्जना गर्छन् जसले गर्दा नेतृत्वले कुनैपनि लहडी निर्णय लिनुपूर्व गम्भीर भएर सोच्न बाध्य हुन्छ । त्यसैले अब गुट भन्ने शब्दलाई गालीको रूपमा होइन पार्टीलाई जीवन्त बनाउने र सरकारलाई सन्तुलनमा राख्ने वैचारिक अक्सिजनको रूपमा स्वीकार गर्नुपर्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आफूलाई नितान्त फरक देखाउने नाममा पार्टीभित्र कुनै गुट निर्माण नगरी सरकार सञ्चालन गर्छु भन्ने परिकल्पना गर्नु नितान्त अव्यावहारिक र असम्भव कुरा हो । यदि कुनै दलले आफ्नो पार्टीमा कुनै गुट छैन सबै नेता कार्यकर्ताले नेतृत्वको हरेक कुरामा एकमतले समर्थन गर्छन् भन्छ भने त्यो लोकतान्त्रिक पार्टी नभएर एउटा अधिनायकवादी झुण्ड मात्र बन्न पुग्छ । गुटविहीन पार्टीको अर्थ हुन्छ त्यहाँ कसैलाई पनि प्रश्न गर्ने स्वतन्त्रता छैन र नेतृत्वको आलोचना गर्नुलाई अपराध मानिन्छ ।

नेपाल जस्तो भौगोलिक सांस्कृतिक र आर्थिक रूपमा विविधतायुक्त देशबाट चुनिएर आएका सयौं सांसदहरूको एउटै मात्र विचार हुन सम्भव नै छैन । यी फरक विचारहरूलाई जबरजस्ती दबाएर एउटै साँचोमा ढाल्न खोज्नु भनेको पार्टीभित्र देवत्वकरण वा नेतृत्वलाई भगवान् मान्ने संस्कृतिको विकास गर्नु हो । यस्तो प्रवृत्तिले नेतृत्वलाई अन्धो बनाउँछ र आफ्ना वरपर रहेका आसेपासेहरूको चाकडीलाई नै यथार्थ मान्ने भ्रम पैदा गर्छ । तसर्थ गुटविहीन भएर दुई तिहाइको सरकार चलाउन खोज्नु लोकतान्त्रिक दृष्टिकोणले अत्यन्तै खतरनाक परिकल्पना हो ।

औपचारिक प्रतिपक्ष कमजोर हुँदा आन्तरिक प्रतिपक्षको अपरिहार्यता

संसदमा सरकार र प्रतिपक्ष दुईवटा पाङ्ग्रा हुन् जसले राज्यको रथलाई सन्तुलित रूपमा अगाडि बढाउँछन् । तर जब चुनावले नै परम्परागत दलहरूलाई किनारा लगाएर प्रतिपक्षलाई मुर्छित वा शून्यताको अवस्थामा पुर्याइदिन्छ तब बाहिरबाट सरकारलाई प्रश्न गर्ने वा चुनौती दिने वैधानिक शक्ति कमजोर हुन्छ । विपक्षीको बेन्च खाली देखेपछि शक्तिशाली प्रधानमन्त्रीलाई नीतिगत निर्णयहरू गर्न र राज्यका महत्त्वपूर्ण अंगहरूमाथि नियन्त्रण कायम गर्न कसैले रोक्न सक्दैन । एकल पार्टीको अत्यधिक बहुमत भएको संसदीय व्यवस्थामा सरकार र सत्ताको सन्तुलन बाह्य शक्तिबाट मात्र सम्भव हुँदैन । यस्तो अवस्थामा सरकारलाई सन्तुलनमा राख्ने सम्पूर्ण अभिभारा पार्टीभित्रकै वैचारिक गुट वा आन्तरिक प्रतिपक्षले लिनुपर्ने हुन्छ ।

यदि शक्तिशाली प्रधानमन्त्रीले ल्याएको कुनै विधेयकमा जनहितविपरीतका प्रावधानहरू छन् भने संसदमा विपक्षीले भन्दा पहिला सत्तापक्षकै वैचारिक गुटले त्यसको कडा विरोध गर्नुपर्छ । आफ्नै पार्टीका सांसदहरूले सरकारलाई यो कानून सच्याइएन भने हामी संसदमा यसको विपक्षमा मतदान गर्छौं भनेर चेतावनी दिन सक्ने हैसियत राख्नुपर्छ । यही आन्तरिक दबाब र विद्रोहको डरले मात्र शक्तिशाली प्रधानमन्त्रीलाई सम्झौता गर्न र स्वेच्छाचारी कदम सच्याउन बाध्य बनाउँछ । संसदमा सत्तापक्ष नै प्रतिपक्ष बन्नुपर्ने यो दायित्व ऐतिहासिक र अत्यन्तै चुनौतीपूर्ण छ । आफ्नै पार्टीका बरिष्ठ नेता प्रधानमन्त्री भएको सरकारलाई संसदको रोस्ट्रममा उभिएर प्रश्न गर्नु र गलत कामको भण्डाफोर गर्नु चानचुने साहसको कुरा होइन । यसका लागि सांसदहरूले मन्त्री बन्ने व्यक्तिगत महत्त्वाकांक्षा त्यागेर आफूलाई दलको आज्ञापालक होइन सार्वभौम नागरिकको पहरेदार सम्झनुपर्छ ।

विश्वव्यापी असल अभ्यास जापान र बेलायतको संसदीय मोडल

वर्तमान विश्वमा जब दलहरूले अत्यधिक बहुमत प्राप्त गर्छन् तब लोकतन्त्रलाई कसरी जोगाउने भन्ने सन्दर्भमा जापान र बेलायतका अभ्यासहरू अत्यन्तै अनुकरणीय छन् । जापानको लोकतान्त्रिक अभ्यासलाई सत्तापक्ष नै प्रतिपक्ष बनेर सरकारलाई सन्तुलनमा राख्ने उत्कृष्ट नमुना मानिन्छ ।

प्रधानमन्त्री बालेनलाई सुझाव



✍ केशव घर्ती मगर

नेपाली जनताले तपाईंलाई प्रधानमन्त्रीको कुर्चीसँगै एक गम्भीर परीक्षाको घडीमा उभ्याएका छन् । यो पाँच वर्षको कार्यकाल इतिहासमा स्थान बनाउने स्वर्ण अवसर हो ।

भावना, आवेग, प्रतिशोध एवं क्रोध त्यागेर देश र जनताको हितका निम्ति कडा परिश्रम, नेतृत्व क्षमता, विवेकपूर्ण कूटनीति तथा सही समयमा सही निर्णय गर्ने राजनीतिक परिपक्वता नेपाली जनताले तपाईंबाट अपेक्षा गरेका छन् । राष्ट्रले दूरदर्शी, परिणाममुखी, जवाफदेही र नैतिक सिद्धान्तमा आधारित नेतृत्वको माग गरिरहेको अवस्थामा म केही विषयमा ध्यानाकर्षण गराउन चाहन्छु ।

१. **शिक्षा प्रणाली**

शिक्षा प्रणालीमा आमूल सुधार गर्न तपाईंको नेतृत्वमा रहेको सरकारले सबैभन्दा पहिले प्रधानमन्त्रीलाई विश्वविद्यालयहरूको पदेन कुलपति बनाउने प्रावधान खारेज गरी क्याम्पस प्रमुखदेखि विश्वविद्यालयका उपकुलपति चयनसम्मका सबै प्रक्रिया योग्यता, क्षमता, अनुभव र पारदर्शी मूल्याङ्कनमा आधारित गराउनुपर्छ ।

विद्यार्थीहरूलाई प्रदान गरिने छात्रवृत्ति वा अन्य अवसरदेखि लिएर अन्तरक्याम्पस वा विश्वविद्यालय स्तरका कुनै पनि प्रतियोगितामा हुने छनोट प्रक्रिया पूर्ण पारदर्शी र स्वस्थ प्रतिस्पर्धामा आधारित हुनुपर्छ । शैक्षिक क्यालेन्डर निर्माण गरी त्यसलाई कडाइका साथ कार्यान्वयन गरिनुपर्छ । त्यसैगरी, शैक्षिक प्रशासनका सबै निर्णयहरू स्पष्ट मापदण्डअनुसार गरिनुपर्छ जसबाट सम्पूर्ण प्रक्रिया विश्वसनीय र उत्तरदायी होस् ।

विश्वविद्यालय खोल्न वा विभिन्न शैक्षिक संस्थालाई मनपरी रूपमा सम्बन्धन दिने प्रचलन तुरुन्त रोकिनुपर्छ । साथै, स्थापित भइसकेका विश्वविद्यालय, सङ्काय र विभागहरूको नियमित अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी सुधारात्मक कदमहरू अविलम्ब चालिनुपर्छ । अनिमात्र शैक्षिक संस्थाहरूको गुणस्तर र संस्थागत अनुशासन सुनिश्चित गर्न सकिन्छ । प्रवेश परीक्षादेखि भर्ना र मूल्याङ्कन प्रक्रियासम्म व्याप्त राजनीतिक प्रभाव, नातावाद, कृपावाद र पक्षपातको अन्त्य हुनुपर्छ । शिक्षा नै न्यायको आधार भएकाले जब यो कमजोर हुन्छ तब राष्ट्रको भविष्य अन्धकारतर्फ धकेलिन्छ ।

२. **न्याय प्रणाली**

न्याय प्रणाली राष्ट्रको मेरुदण्ड हो तर ढिलासुस्ती, राजनीतिक हस्तक्षेप र असमान व्यवहारले नागरिकको विश्वास कमजोर बनाएको छ । पक्राउदेखि फैसलासम्मको प्रक्रिया पारदर्शी र राजनीतिक प्रभावबाट पूर्णतः मुक्त नबनेसम्म न्याय विश्वसनीय हुन सक्दैन ।

न्यायाधीश, सरकारी वकिल र अनुसन्धान अधिकारीहरूको नियुक्ति, सरुवा र बढुवा स्पष्ट योग्यता र निश्चित मापदण्डमा आधारित हुनुपर्छ । विगतमा संवैधानिक परिषद् र न्याय परिषद्को संरचनालाई दलीय स्वार्थअनुसार चलाउने जुन प्रयत्न भयो त्यसले न्यायिक स्वतन्त्रतामाथि गम्भीर प्रश्न उठाएको छ । अध्यादेशमार्फत सर्त्या पुऱ्याएर गरिएका नियुक्ति वा न्यायाधीशहरू शपथपछि राजनीतिक दलको कार्यालय पुग्नेजस्ता लज्जास्पद घटना अब दोहोरिनु हुँदैन ।

विसं २०७३ को 'मिडनाइट जजेज' प्रकरण होस् वा हालैका दिनमा न्याय परिषद्बाथि लागेका भागबन्डाका आरोपहरू सबैले न्यायपालिकालाई पङ्गु बनाएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि अदालतसम्म निश्चित मुद्दाहरू तामेलीमा राख्ने वा राजनीतिक सौदाबाजी गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । एकातिर सर्वोच्चमा संवैधानिक व्याख्याका मुद्दा थाती रहनु र अर्कोतिर सर्वसाधारणको मुद्दा ४० वर्षसम्म किनारा नलाग्नु विडम्बनापूर्ण छ । तपाईंको नेतृत्वले न्यायपालिकालाई पूर्णतः स्वतन्त्र र जनविश्वासयोग्य बनाउन ठोस पहल गर्नेछ भन्ने विश्वास छ ।

३. **शासन तथा कार्यान्वयन प्रणाली**

शासनको वास्तविक शक्ति आवेग वा प्रतिशोधमा होइन संस्थागत परिपक्वता र विवेकपूर्ण नेतृत्वमा निहित हुन्छ । बेलायती इतिहासकार लर्ड एक्टनले भनेझैं, "शक्तिले मानिसलाई भ्रष्ट बनाउँछ भने पूर्ण शक्तिले पूर्णरूपमा भ्रष्ट बनाउँछ ।" तसर्थ, दुई तिहाइको दम्भमा आफूलाई कानुनभन्दा माथि नराखी 'कानुनको शासन' लाई सर्वोच्च स्वीकार गरियोस् ।

आज देशभर हजारौं विकास योजनाहरू अलपत्र छन् । ढिलासुस्ती र गैरजिम्मेवारीपन नै भ्रष्टाचारको मूल स्रोत बनेको छ । यस चक्रलाई अन्त्य गर्न कानुनबमोजिम कडा प्रक्रिया अघि बढाइयोस् । सुशासनको पहिलो मापन आफ्नै दलका निर्वाचित प्रतिनिधिहरूमाथि समेत कानुनी कारबाही गर्ने साहसबाट सुरु हुन्छ । पारदर्शिता सुशासनको आत्मा हो । यसले मात्र सरकार र नागरिकबीचको दूरी कम गर्न सक्छ ।

तथ्य र अनुसन्धानमा आधारित निर्णय प्रक्रिया अपनाइयोस् । विगतका नेतृत्वले देखाएका पानीजहाज वा ग्यास पाइपका सस्ता आश्वासनभन्दा परिणाममुखी काम गरेर घट्दो जनविश्वास पुनःस्थापित गर्नु आवश्यक छ ।

४. **रोजगारी तथा कूटनीतिक प्रणाली**

विप्रेषण (रेमिट्यान्स) मा आधारित अर्थतन्त्रले देशलाई दीर्घकालीनरूपमा धान्न सक्दैन । उत्पादन र स्वदेशमै रोजगारी सिर्जना नगरेसम्म राजनीतिक स्थिरता नारामा सीमित रहनेछ । कृषि उत्पादन बढाई आयात घटाउनु अनिवार्य छ । युवालाई विदेश धकेल्ने प्रवृत्ति रोकी देशभित्रै सीप र अवसरको ग्यारेन्टी गरिनुपर्छ ।

नेपालको कूटनीति सन्तुलित, मर्यादित र राष्ट्रिय हितमा केन्द्रित हुनुपर्छ ।

भूराजनीतिक संवेदनशीलतालाई बुझेर सन्तुलित र रणनीतिक दूरी कायम राख्दै परिपक्व परराष्ट्र नीति अपनाउनु आवश्यक छ । नेपाललाई एउटा दृढ, आत्मसम्मानी र सार्वभौम राष्ट्रका रूपमा विश्वसामु प्रस्तुत गर्नु नै आधुनिक कूटनीतिक नेतृत्वको पहिलो पहिचान हो ।

निष्कर्ष

नेपाली जनताले तपाईंलाई प्रधानमन्त्रीको कुर्चीसँगै एक गम्भीर परीक्षाको घडीमा उभ्याएका छन् । यो पाँच वर्षको कार्यकाल इतिहासमा स्थान बनाउने स्वर्ण अवसर हो । सुशासनको नारालाई व्यवहारमा उतार्दै राष्ट्रिय हितमा आधारित जिम्मेवार राजनीतिक संस्कृतितर्फ देशलाई डोऱ्याउनु नै तपाईंको नेतृत्वको वास्तविक परीक्षा हुनेछ । निर्वाचनअघिदेखि नै तपाईंमाथि अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको जुन ध्यान छ त्यसलाई रणनीतिकरूपमा राष्ट्रको हितमा उपयोग गर्दै सचेत रहन पनि आग्रह गर्दछु ।

सुर्खेत-सिमकोट उडान पुनः सञ्चालन



काँक्रेविहार संवाददाता
हुम्ला, १६ चैत

लामो समयदेखि अवरुद्ध रहेको सुर्खेत-सिमकोट हवाई सेवा नेपाल एयरलाइन्सले पुनः सञ्चालनमा ल्याएको छ।

सोमबारबाट नियमित उडान सुरु भएसँगै यात्रुहरूले राहत महसुस गरेका छन्। यसअघि विभिन्न कारणले पटक-पटक उडान रद्द हुँदै आएकोमा सोमबार सफलतापूर्वक उडान सम्पन्न भएको हो।

नेपाल एयरलाइन्स सिमकोट शाखाका प्रमुख छिरिङ लामाका अनुसार सुर्खेतबाट सिमकोटतर्फ १३ जना र सिमकोटबाट सुर्खेततर्फ १२ जना यात्रुले सेवा लिएका छन्।

पछिल्लो एक महिनाभन्दा बढी समयदेखि काठमाडौंबाट जहाज उपलब्ध नहुनु र खराब मौसमका कारण उडान प्रभावित हुँदै आएको थियो। जसका कारण स्थानीय बासिन्दा र यात्रुहरू समस्यामा परेका थिए। यसैदिन नेपाल एयरलाइन्सले नेपालगन्ज-सिमकोट उडान पनि नियमित तालिकाअनुसार सञ्चालन गरेको जनाएको छ।

नियमित हवाई सेवा पुनः सुरु भएसँगै हुम्ला जिल्लाको आवतजावत र आपूर्ति व्यवस्थामा सहजता आउने अपेक्षा गरिएको छ।

आगलागी नियन्त्रण तालिम, जोखिम न्यूनीकरणमा जोड

काँक्रेविहार संवाददाता
बाँके, १६ चैत

सुख्खायाम सुरु भएसँगै बढ्दो आगलागी जोखिमलाई ध्यानमा राख्दै नेपालगन्ज उपमहानगरपालिकाले गृहिणी महिलालाई लक्षित गरी घरायसी आगो नियन्त्रण सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गरेको छ। सुपर परियोजनाअन्तर्गत वडा नम्बर ३ र ७ का ४० जना सामुदायिक आपतकालीन प्रतिकार्य समूहमा आबद्ध महिलाहरूको सहभागितामा तालिम आयोजना गरिएको हो। आगलागीका बढ्दो घटनालाई न्यूनीकरण गर्दै सम्भावित क्षति कम गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको उपमहानगरपालिकाले जनाएको छ। वारुण यन्त्र शाखाका प्रमुख झयनबहादुर खड्काका अनुसार वडा ३ र ७ पुराना बस्ती भएकाले ती क्षेत्र आगलागीको उच्च जोखिममा रहेका छन्। यही कारणले त्यहाँका गृहिणी महिलालाई लक्षित गरी व्यावहारिक तालिम प्रदान गरिएको हो। तालिममा आगो निभाउने प्रभावकारी उपाय, घरमै उपलब्ध सामग्री प्रयोग गरेर आगो नियन्त्रण गर्ने तरिका तथा अपनाउनुपर्ने सावधानीबारे जानकारी दिइएको थियो।

बाँकेका विपद सूचना व्यवस्थापन अधिकृत रुपन ज्ञवालीका अनुसार सुपर परियोजनाअन्तर्गत तयार गरिएका ४ सय स्वयंसेवकमध्ये ४० जनालाई विशेष रूपमा यस्तो सीप प्रदान गरिएको हो। दमकल पुग्न कठिन हुने वा ढिला हुने अवस्थामा प्रशिक्षित स्वयंसेवकहरूले समुदायमै तत्काल प्रतिक्रिया जनाई क्षति कम गर्न सक्ने अपेक्षा गरिएको छ। वडा नम्बर ६ का वडा अध्यक्ष तथा सुपर परियोजना संयोजक समिर प्रताप सिंहले तालिमले समुदायस्तरमै आगलागी नियन्त्रणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे। तालिममा सहभागी महिलाहरूले आगलागी रोकथाम र नियन्त्रणका व्यावहारिक सीप सिक्न पाएको भन्दै यसले घर तथा समुदायलाई सुरक्षित बनाउन मद्दत पुग्ने बताएका छन्

पत्रकार महासंघको ७१औँ स्थापना दिवसमा प्रभातफेरी



काँक्रेविहार संवाददाता
सुर्खेत, १६ चैत

नेपाल पत्रकार महासंघले आफ्नो स्थापना भएको ७१ वर्ष पूरा गरेको अवसरमा देशभर विभिन्न कार्यक्रमहरू मनाउदै सुर्खेतमा पनि उत्साहका साथ प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको छ। स्थापना दिवसको अवसरमा आयोजित प्रभातफेरी वीरेन्द्रनगरको मंगलगढी चोकबाट सुरु भएको थियो। पत्रकार, सञ्चारकर्मी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागितामा निकालिएको प्रभातफेरी नगरका विभिन्न भाग परिक्रमा गर्दै पिपलचौतारामा पुगेर कोणसभामा अन्त्य भएको हो।

कार्यक्रममा सहभागीहरूले स्वतन्त्र, निष्पक्ष र उत्तरदायी पत्रकारिताको महत्वलाई उजागर गर्दै प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकार संरक्षणमा सञ्चार क्षेत्रको भूमिका अझ सशक्त बनाउनुपर्नेमा जोड दिएका थिए। कोणसभालाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य नगेन्द्र उपाध्यायले पत्रकारितालाई अझ जिम्मेवार, विश्वसनीय र जनमुखी बनाउन आवश्यक रहेको उल्लेख गरे।

उनले लोकतन्त्रको सुदृढीकरणमा पत्रकारहरूको भूमिका महत्वपूर्ण रहने भन्दै सत्य, तथ्य र निष्पक्षतामा आधारित पत्रकारिता आजको आवश्यकता भएको बताए। त्यस्तै, नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश अध्यक्ष विष्णुप्रसाद शर्माले कर्णाली प्रदेशमा पत्रकारहरूले भोग्दै आएका चुनौतीहरूबारे प्रकाश पारे।

दुर्गम भौगोलिक अवस्था, स्रोतसाधनको अभाव र सुरक्षाका समस्या बीच पनि पत्रकारहरूले आफ्नो कर्तव्य निर्वाह गरिरहेको उल्लेख गर्दै उनले राज्यले पत्रकार हरूको सुरक्षा, पेशागत स्थायित्व र क्षमता अभिवृद्धिमा ध्यान दिनुपर्ने बताए। नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका कार्यवाहक अध्यक्ष सुशील खड्काले स्थानीय तहमा पत्रकारिताको अवस्था, अवसर र चुनौतीबारे चर्चा गरे।

उनले पत्रकार महासंघले पत्रकारहरूको हकहित संरक्षण, पेशागत मर्यादा कायम राख्ने र नयाँ पुस्तालाई पत्रकारितामा आकर्षित गर्ने काममा निरन्तर लागिरहेको बताए। उक्त कार्यक्रम नेपाल पत्रकार महासंघ सुर्खेत शाखाको आयोजना तथा नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशको समन्वयमा सम्पन्न भएको हो।

स्थापना दिवसले पत्रकारिताको इतिहास, योगदान र आगामी दिशाबारे समीक्षा गर्ने अवसर प्रदान गर्नुका साथै पत्रकारहरूलाई थप जिम्मेवार र एकताबद्ध भएर अघि बढ्न प्रेरित गरेको सहभागीहरूको भनाइ थियो।

शुभकालीकामा शिक्षा र कृषिमा सुधार

काँक्रेविहार संवाददाता
कालिकोट, १६ चैत

शुभकालीका गाउँपालिकामा विद्यालय पूर्वाधार सुधार र जलवायु-स्मार्ट कृषि ९ऋक्ब० कार्यक्रमले शिक्षा, स्वास्थ्य र जीविकोपार्जन क्षेत्रमा उल्लेखनीय प्रगति देखिएको छ। स्थानीय सरकारसँगको सह-वित्तीय साझेदारीमा सञ्चालन गरिएको यस कार्यक्रमले विद्यालयलाई सुरक्षित र व्यवस्थित बनाउनुका साथै किसानको आय र खाद्य सुरक्षामा सुधार ल्याएको छ।

कार्यक्रमअन्तर्गत २६ विद्यालयको पूर्वाधार अवस्था मूल्याङ्कन गरी ६ विद्यालयलाई प्राथमिकतामा राखेर सुधार गरिएको हो। जनता माबि (छाती), कालिका माबि (भर्ता) र दाहाल माबि (सुकिटिया) मा ध्ब्क्ज सुविधासहित शौचालय निर्माण गरिएको छ।

भनैनलदेव माविमा कक्षाकोठा मर्मत, खानेपानी स्टेशन र इन्सिनरेटर जडान गरिएको छ। यी सुधारबाट १ हजार ४ सय ५० विद्यार्थी प्रत्यक्ष लाभान्वित भएका छन्।

नमुना हरित विद्यालय अवधारणाअन्तर्गत दुई विद्यालयमा सौर्य ऊर्जाबाट सञ्चालन हुने पानी शुद्धीकरण प्रणाली जडान गरिएको छ। जसले विद्यार्थीलाई सुरक्षित खानेपानी उपलब्ध गराएको



छ। यसँगै सञ्चालन गरिएको जलवायु-स्मार्ट कृषि कार्यक्रममार्फत ७० किसान, जसमा अधिकांश महिला रहेका छन्।

नमुना फार्म, सुधारिएको पशुपालन, जैविक खेती, ड्रिप सिँचाइ र टनेल प्रविधिले उत्पादन र आम्दानी बढाएको छ। किसानको आय वृद्धिसँगै बालबालिकाको शिक्षा र पोषणमा लगानी पनि बढेको छ। स्थानीय उत्पादनलाई बजार र विद्यालयको मध्याह्न भोजन कार्यक्रमसँग जोडेर दिगो आर्थिक गतिविधि विस्तार गरिएको छ । समग्रमा, शिक्षा, स्वास्थ्य र जीविकोपार्जनलाई एकीकृत रूपमा अघि बढाउने यस पहलले शुभकालीका गाउँपालिकामा दीगो विकासको आधार तयार गरेको स्थानीयवासीको भनाइ छ।

बाह्र बर्ष बित्दा पनि बनेन अस्पताल

काँक्रेविहार संवाददाता
दार्चुला, १६ चैत

जिल्ला अस्पताल दार्चुलामा दैनिक दुई सयभन्दा बढी बिरामी आउँदा पनि भवन नहुँदा सेवा सञ्चालनमा चुनौती देखिएको छ। सुविधायुक्त अस्पताल भवन निर्माण भइरहेको भए पनि कामले गति नलिनुका कारण विगत १२ वर्षदेखि अस्पतालले समस्या झेलिरहेको छ। २०७० असारमा महाकाली नदीको बाढीले अस्पतालको जग्गा बगाएपछि भवन क्षति भएको थियो, जसपछि अस्पतालमा भवनको अभाव भइरहेकै छ।

जिल्ला अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट रवीन्द्र भट्टराईका अनुसार, भवन नहुँदा फिजियोथेरापी, ओपीडी र ल्याब जस्ता सेवा सञ्चालनमा गाह्रो परेको छ।

दैनिक बिरामी धेरै हुनुका साथै बेडको कमी छ। भवन अभाव हुँदा दक्ष जनशक्तिलाई



पनि प्रभावकारी रूपमा परिचालन गर्न सकिएको छैन भट्टराईले भने। अस्पतालले भवन नहुँदा उत्पन्न समस्याबारे जिल्लाका सरोकारवालासँग छलफल गर्दै प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन पनि बुझाएको छ। साँघुरो कोठामा सञ्चालन भइरहेको सेवा कारण बिरामीमा सङ्क्रमणको जोखिम बढेको उनले बताए।

अधिकांश सेवा अनलाइनबाट उपलब्ध

काँक्रेविहार संवाददाता
कैलाली, १६ चैत

कैलालीको धनगढी उपमहानगरपालिकाले प्रशासनिक सेवा छिटो, सहज र पारदर्शी बनाउन 'पेपरलेस धनगढी' अवधारणा अघि सारेको छ। यसमार्फत सेवाग्राहीले घरमै बसेर अनलाइन प्रणालीबाट सेवा लिन सक्ने व्यवस्था गरिने जनाइएको छ। नगर प्रमुख गोपाल हमालले डिजिटल प्रविधिको प्रयोगले सेवा प्रवाहलाई प्रभावकारी बनाउने विश्वास व्यक्त गर्दै सेवाग्राहीको समय र झन्झट घट्ने बताए।

उपमहानगरका सूचना प्रविधि शाखा प्रमुख अनुप भट्टका अनुसार जन्मदर्ता, नागरिकता सिफारिस, दर्ता तथा नवीकरणलगायतका सेवा क्रमशः अनलाइनमार्फत उपलब्ध गराइनेछन्। यसका लागि 'युडिजीपी' नामक एकीकृत डिजिटल प्रणाली विकास भइरहेको छ, जसले सबै सेवा, सूचना र अभिलेखलाई एउटै प्लेटफर्ममा समेट्नेछ। पहिलो चरणअन्तर्गत नागरिक इ-केवाइसी, सिफारिस मोड्युल र फाइल ट्र्याकिङ प्रणाली आगामी असारको पहिलो सातासम्म तयार गरिने लक्ष्य राखिएको छ। प्रणाली लागू भएपछि सेवाग्राहीले मोबाइल मार्फत कागजात प्राप्त गर्न सक्नेछन् भने आवश्यक परे मात्रै कार्यालयमा उपस्थित हुनुपर्ने छ।

यस प्रणालीमा कागजात अपुग भएमा वा अन्य समस्या देखिएमा सेवाग्राहीलाई मोबाइलमै सूचना आउने व्यवस्था पनि रहनेछ। साथै, गुनासो तथा सुझाव व्यवस्थापनसमेत डिजिटल माध्यमबाट गर्न सकिने छ। उप-प्रमुख कन्दकला रानाले डिजिटल प्रणालीले सेवाग्राहीको समय र खर्च बचत हुनुका साथै अभिलेख व्यवस्थापन अझ सुरक्षित र व्यवस्थित हुने बताइन्। दोस्रो चरणमा इ-सिग्नेचर, डिजिटल अभिलेख र सार्वजनिक सूचना प्रणाली जस्ता थप सेवा विस्तार गरिने योजना रहेको छ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
श्रीनगर, हुम्ला
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
खानेपानी तथा ढल व्यवस्थापन कार्यालय
सुर्खेत

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(मिती : २०८२/१२/१७)

यस कार्यालयबाट मिती २०८२/११/०१ मा राजधानी दैनिकमा र www.bolpatra.gov.np/egp मार्फत प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्यादभित्र प्राप्त तपशिल बमोजिमका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव स्विकृत भएको र उक्त बोलपत्रको आर्थिक प्रस्ताव मिती २०८२/१२/२४ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	बोलपत्र नं.	आयोजनाको नाम	प्राविधिक प्रस्ताव स्विकृत भएका प्रस्तावहरू	कैफियत
1.	NCB/WSSMO/SKT 01/082/83	Construction of chaukune Brihat Water Supply Project, Chaukune 4, 9, 10 Surkhet.	1.T.K Engineering and Construction and Supplier Pvt. Ltd, Banke 2. US-Sc-DS JV, Surkhet	
2.	NCB/WSSMO/SKT 02/082/83	Construction of Athbis na.pa 1,4,6,8 thatikadh 5 samet ra dullu na. pa 10, Dailekh (package-1) antragat kanikachaur bijaura lifting wsp dullu na pa-10 Dailekh	1. Jana Chahana Nirman Sewa, Jajarkot 2. 2. HN-DC-DN JV, Kathmandu	

कार्यालय प्रमुख

जेनजी सहिद परिवारलाई विद्युत् प्राधिकरणमा रोजगारी



काँक्रेविहार संवाददाता
बैतडी, १६ चैत

जेनजी आन्दोलनमा सहिद भएका बैतडीको शिवनाथका दीपकसिंह साउदको घरपरिवारका सदस्यले रोजगारी पाएका छन्। सहिद दीपकको भाउजू सरस्वती साउदले नेपाल विद्युत् प्राधिकरणमा रोजगारी पाएकि हुन्। आइतबार नेपाल विद्युत् प्राधिकरणको जनसाधारण विभागले जेनजी सहिद परिवारलाई रोजगारी पाउने परिवारका सदस्यको नामवली प्रकाशित गरेको छ।

जारी गरिएको सूचनामा सहिद दीपकसिंह साउदकी भाउजू सरस्वती साउदको नाम उल्लेख गरिएको छ। प्राधिकरणले प्रकाशित गरेको सूचनामा साउदसहित २७ जना जेनजी सहिद परिवारलाई रोजगारी दिने उल्लेख गरिएको छ।

शिवनाथ गाउँपालिका-२, शर्माली घर भएका दीपकसिंह साउदको भदौ २३ गते काठमाडौंमा भएको जेनजी प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर मृत्यु भएको थियो। उनि कृषि जेटिएको अध्ययन पूरा गरी थप अध्ययनका लागि काठमाडौं गएका थिए। जेनजी प्रदर्शनमा उनको मृत्युपछि सरकारले सहिद घोषणा गर्दै उनको परिवारलाई १५ लाख रुपियाँ राहत उपलब्ध गराएको थियो।

राहत दिन बैतडीका तत्कालीन प्रमुख जिल्ला अधिकारी पूर्णविक्रम पौडेललगायतको टोली सहिदको घरमै पुगेका थिए। राहतसँगै सरकारले परिवारलाई रोजगारी दिने घोषणा पनि गरेको थियो। घरपरिवारको सहमति अनुसार बुहारीको नामबाट रोजगारीका लागि निवेदन दिएको सहिदकी आमा लक्ष्मी साउदले बताइन्। सहिद दीपकको घरपरिवारलाई गाउँपालिकाबाट पनि एक लाख रुपियाँ राहत उपलब्ध गराएको गाउँपालिकाका अध्यक्ष कर्णसिंह साउदले बताए। उनले गाउँपालिकाबाट सञ्चालन हुने उद्यमका कार्यक्रममा पनि सहिद परिवारलाई प्राथमिकतामा राखिएको बताएका छन्।

चार सडकको ठेक्का रद्द



काँक्रेविहार संवाददाता
जुम्ला, १६ चैत

सडक डिभिजन कार्यालय जुम्लाले वर्षौंदेखि अलपत्र अवस्थामा रहेका सडक आयोजनामा संलग्न निर्माण व्यवसायीमाथि कडा कदम चाल्दै चार वटा ठेक्का रद्द गरेको छ। सम्झौता अनुसार तोकिएको समयमा काम सम्पन्न नगरेको र पटक-पटक म्याद थप्दा पनि निर्माण कार्यमा प्रगति नदेखिएपछि ठेक्का तोड्न बाध्य भएको कार्यालय प्रमुख श्रवणकुमार महताराले जानकारी दिए।

उनका अनुसार निर्माण व्यवसायीलाई लिखित तथा मौखिक रूपमा बारम्बार काम सम्पन्न गर्न आग्रह गरिए पनि बेवास्ता गरिँदै आएको थियो। रद्द गरिएका ठेक्काहरू कर्णाली राजमार्ग, नाग्म-गमगडी सडक तथा जुम्ला-डोल्पा-मनाङ-मुस्ताङ सडकअन्तर्गतका विभिन्न खण्डसँग सम्बन्धित छन्। यी सडक आयोजना कर्णाली क्षेत्रको विकासका लागि अत्यन्त महत्वपूर्ण मानिन्छन्, तर ठेकेदारको ढिलासुस्तीका कारण लामो समयदेखि प्रभावित हुँदै आएका थिए। सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्था अनुसार ठेक्का अन्त्य गर्दै सम्बन्धित निर्माण व्यवसायीमाथि कारबाही प्रक्रिया समेत अघि बढाइएको कार्यालयले जनाएको छ।

साथै, उनीहरूलाई तत्काल कार्यस्थल छोड्न निर्देशन दिइएको छ। सडक डिभिजनले अन्य निर्माण व्यवसायीलाई भने समयमै काम सम्पन्न गर्न आग्रह गर्दै यस्ता लापरबाही दोहोरिएमा कडा कारबाही गरिने चेतावनी दिएको छ।

'संविधान संशोधनको पक्षमा उभिनुहोला'

काँक्रेविहार संवाददाता
काठमाडौं, १६ चैत

नेपाली कांग्रेसका निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टीका नवनिर्वाचित सांसदहरूलाई संविधान संशोधनका पक्षमा उभिन आग्रह गरेका छन्। सोमबार धुम्बराहीको स्मार्ट होटलमा आयोजित पार्टीका नवनिर्वाचित सांसदहरूलाई सम्मान तथा बधाई कार्यक्रममा खड्काले संविधानका मूलभूत विषयमा सम्झौता नगर्न पनि आग्रह गरे।

'संविधानका मूलभूत विषयमा सम्झौता नगरीकन संविधान संशोधनको बहसमा जुट्नुहोस्,' खड्काले भने, 'संसदभित्र तपाईं बाहिर हामी सँगसँगै रहनेछौं।'

उनले निर्वाचनबाट प्रतिनिधि सभामा पार्टीको संख्या कमजोर भए पनि भूमिका प्रभावकारी र अनुकरणीय बनाउन आग्रह गरे।



'नेपाली कांग्रेसको तर्फबाट निर्वाचित भएर आउनुभएका सबै माननीय सदस्यको भूमिका प्रभावकारी र अनुकरणीय रहनेछ,' खड्काले भने, 'सत्ताको हिसाबले हामी कम भए पनि नेपाली लोकतान्त्रिक इतिहासको सिन्को धरोहर बोकेर तपाईंहरू संसदमा प्रतिनिधित्व गर्दै हुनुहुन्छ।'

कानुन निर्माणको सन्दर्भ, नेपाली जनताको हक अधिकारको सन्दर्भमा वर्षौंको सङ्घर्षबाट निर्माण गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सन्दर्भमा र जनताको अधिकारको सन्दर्भमा प्रखर रूपमा प्रस्तुत हुन उनले सांसदहरूलाई आग्रह गरे।

संसद् बाहिर रहेका संसद्को अनुभव लिएका नेता सधैं सांसदको साथमा रहने खड्काको भनाइ थियो।

कर्णाली प्रदेशसभाबाट दुई विधेयक पारित

काँक्रेविहार संवाददाता
सुर्खेत, १६ चैत

कर्णाली प्रदेशसभाको हिउँदे अधिवेशन आइतबार राति १२ बजेदेखि लागू हुनेगरी अन्त्य गरिएको छ। प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखको कार्यालयबाट अधिवेशन अन्त्यसम्बन्धी पत्र प्राप्त भएपछि सभामुख नन्दा गुरुङले बैठकमा उक्त जानकारी पढेर सुनाएकी थिइन्।

सामान्यतया हिउँदे अधिवेशनलाई 'विधेयक अधिवेशन'का रूपमा लिने गरिन्छ। तर यसपटकको अधिवेशनमा प्रदेशसभाले अपेक्षाकृत कम काम गरेको देखिएको छ। जम्मा दुई वटा मात्र विधेयक पारित भएका छन्। पारित हुने विधेयकहरूमा कर्णाली प्रदेश प्रज्ञा प्रतिष्ठानसम्बन्धी विधेयक र प्रदेश ऐन संशोधन सम्बन्धी विधेयक रहेका छन्।

प्रदेशसभाका सूचना अधिकारी राजेन्द्र पौडेलका अनुसार अन्य प्रस्तावित विधेयकमध्ये कर्णाली प्रदेश खेलकुद विधेयक भने समितिमा पठाइएको छ। उक्त विधेयकलाई दफावार छलफलपछि थप अध्ययन र परिमार्जनका लागि सामाजिक विकास समितिमा पठाइएको हो। यस अधिवेशनमा कुल १० वटा बैठक मात्र बसेका थिए।

हिउँदे अधिवेशन गत माघ १८ गतेबाट सुरु भएको थियो। सीमित बैठक र न्यून विधेयक पारित भएको अवस्थाले प्रदेशसभाको प्रभावकारिताबारे प्रश्न उठ्न थालेका छन्।

कर्मचारी आवश्यकता !

यस काँक्रेविहार राष्ट्रिय दैनिकको सुर्खेत कार्यालयका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र यस कार्यालय वा निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ।

पद : बजार व्यवस्थापक
संख्या : २ जना , १ महिला, १ पुरूष
सेवा सुविधा : यस दैनिकको नियमानुसार हुनेछ।

अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।

नोट : इच्छुक व्यक्तिले ईमेल ekankrebihardaily@gmail.com मा शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो एकप्रति ईमेल गर्न सक्नुहुनेछ।

काँक्रेविहार राष्ट्रिय दैनिक
वीरेन्द्रनगर-६, सुर्खेत
सम्पर्क : ९८५१३४४७५४

वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात।

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन्।


नेपाल सरकार
विज्ञापन बोर्ड

त्रिपुरासुन्दरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
डोल्पा
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)